# भाग २

## श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बीसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४८ सालको ऐन नं. २३

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर विजयिनाम् ।

## विष्फोटक पदार्थ ऐन, २०१८ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः विष्फोटक पदार्थ ऐन, २०१८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,


639
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बीसौं वर्षमा संसदले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "विष्फोटक पदार्थ (दोस्रो संशोधन) ऐन, २०४८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. विष्फोटक पदार्थ ऐन, २०१८ को दफा ७ मा संशोधनः विष्फोटक पदार्थ ऐन, २०१८ (यस पछि "मूल ऐन" भनिएको) को दफा ७ मा रहेका "सकभर चाँडो" भन्ने शब्दहरूको सट्टा "बाटाको म्याद बाहेक चौबीस घण्टा भित्र" भन्ने शब्दहरू राखिएका छन्।

३. मूल ऐनको दफा १० मा संशोधनः मूल ऐनको दफा १० को,-

(१) उपदफा (१) को,-

(क) खण्ड (क) मा रहेका "चार हजार" भन्ने शब्दहरूको सट्टा "बीस हजार" भन्ने शब्दहरू राखिएका छन्।

(ख) खण्ड (ख)मा रहेका "दुई हजार" भन्ने शब्दहरूको सट्टा "दस हजार" भन्ने शब्दहरू राखिएका छन्।

(ग) खण्ड (ग)मा रहेका "दुई सय" भन्ने शब्दहरूको सट्टा "एक हजार" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (२) मा रहेका "एक हजार" भन्ने शब्दहरूको सट्टा "पाँच हजार" भन्ने शब्दहरू, "पाँच सय" भन्ने



मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

शब्दहरूको सट्टा "दुई हजार पाँच सय" भन्ने शब्दहरू र "एक सय" भन्ने शब्दहरूको सट्टा "पाँच सय" भन्ने शब्दहरू राखिएका छन्।

४. रूपान्तरः मूल ऐनको ठाउँ ठाउँमा प्रयोग भएका "अञ्चलाधीश" वा "जिल्लाका अञ्चलाधीश" भन्ने शब्दहरूको सट्टा "प्रमुख जिल्ला अधिकारी" भन्ने शब्दहरू राखिएका छन्।

लालमोहर सदर मितिः- २०४८।७।१४।५

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।